जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३१ | अंक १६५ | २०७८ साल माघ १५ गते शनिबार (29 Jan. 2022 Saturday) | मूल्य रु. ५/-

वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता र सेवा प्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावली बमोजिमको कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : श्रम स्वीकृति लिएर मात्र... ३ पृष्ठमा : समयमा नसकिने भयो... ३ पृष्ठमा : कंगोमा विद्रोहीसँगको भिडन्तमा ३३.

## २७ जना संक्रमित थपिए

**दैनिक समाचारदाता**
**राजबिराज, १४ माघ ।**

सप्तरीमा शुक्रबार एकैदिन २७ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै कोरोनाको तेश्रो लहरमा जिल्लामा संक्रमित हुनेको संख्या ३ सय २५ पुगेको छ ।

४५ जनाको स्वाब परिक्षण गर्दा २७ जनामा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

पछिल्लो पटक संक्रमण पुष्टि भएका मध्ये कंचनरुप नगरपालिकाका सर्वाधिक १५ जना छन् । यस्तै राजबिराज नगरपालिकाका ३, तिरहुत गाउँपालिका र अन्य जिल्लाका दुई/दुई तथा हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशी नगरपालिका, डाक्नेश्वरी नगरपालिका, बोदेबरसाइन नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका एक/एक जना-मा पनि कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

संक्रमित मध्ये तीन जना गजेन्द्र नारायण सिंह अस्पतालको आइसोलेशन वाडमा र अन्य सबै होमआइसोलेशनमै रहेको उनले बताए ।

## संक्रमित महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजबिराज, १४ माघ ।**

सप्तरीका थप एक कोरोना संक्रमित महिलाको मृत्यु भएको छ । योसँगै कोरोनाको तेश्रो लहरमा जिल्लामा मृत्यु हुनेको संख्या ३ पुगेको छ ।

कोशी अस्पतालको आइसोलेशनमा भर्ना रहेकी सप्तरीको रुपनी गाउँपालिकाकी ७५ वर्षिया धनमन्ती देवी यादवको उपचारको क्रममा बिहीबार साँझ मृत्यु जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

संक्रमण पुष्टि भएसँगै स्वास्थ्यमा जटिल समस्या देखिएपछि उनलाई तीन दिनअघि रेफर गरि थप उपचारका लागि कोशी अस्पताल पठाइएको थियो । आइसोलेशनमा राखी उपचार चलिरहेकै बेला उनको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए ।

यसअघि सोही गाउँपालिकाकी ६५ वर्षिया चमेलीदेवी साह र विष्णुपुर गाउँपालिकाका ६० वर्षिय रामरतन रामको पनि कोरोनाका कारण मृत्यु भइसकेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

## छ हजारभन्दा बढीमा संक्रमण

काठमाडौं, १४ माघ (रासस) ।

छ हजार ८२७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको बुलेटिनमा १९ हजार ८६९ परीक्षण गर्दा छ हजार ८२७ जनामा संक्रमण पुष्टि भएको हो ।

मन्त्रालयका अनुसार सक्रिय संक्रमितको संख्या ८९ हजार ९४१ पुगेको छ । एकैदिन पाँच हजार ४३२ जना संक्रमणमुक्त भएका छन् । योसँगै संक्रमणमुक्त हुने संख्या आठ लाख ४२ हजार ३३६ पुगेको छ । यो दर ८९.२ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

बिगत २४ घण्टामा १० जनाको संक्रमणको कारणले निधन भएको जानकारी दिनुभयो । अहिलेसम्म ११ हजार ६९७ को संक्रमणका कारणले निधन भएको छ ।

यस्तै ५०० भन्दा बढी संक्रमण भएको जिल्ला २० पुगेको छ । मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, सप्तरी, सिराहा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, नुवाकोट, कास्की, नवलपरासीपूर्व, तनँहु, बाके, रुपन्देही, दाङ र कैलाली रहेका

***बाँकी अन्तिम पृष्ठमा***




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## पसलबाट लाखौंको धनमाल चोरी गर्ने दुई नाबालक पक्राउ



**दैनिक समाचारदाता**
**राजबिराज, १४ माघ ।**

प्रहरीले ताल्चा फुटाएर पसलबाट लाखौंको धनमाल चोरी गर्ने दुई नाबालकलाई सामानसहित पक्राउ गरेको छ ।


पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरा मल्हनियाका १३ र १४ वर्षिय दुई बालक छन् ।

छिमेकमै रहेको ज्ञानु साह सुडीको कृष्णा जेनरल स्टोर्समा बुधबार बिहान ३ बजेतिर पसलको ताल्चा फुटाई उनीहरुले नगद, रिचार्ज कार्ड तथा सुनचाँदीका गरगहना लगायतका सरसमान चोरेर लगेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

उनीहरुले चोरी गरेका सामान पनि प्रहरीले घरमै बाकस र खाटमुनी लुकाई राखेको अवस्थामा बरामद गरेको छ । उनीहरुको घरबाट सुडीको पसलमा चोरी गरिएका ४२ हजार २ सय ८० नेपाली तथा ६ हजार २ सय ७० भारतीय रुँपैया बरामद गरिएको छ ।

यस्तै सुन जस्तो देखिने ८ तोला २ आना धातुको गरगहना र ४३ तोला चाँदी जस्तो देखिने धातुको गरगहना र ६१ हजार २ सय ५० मुल्य बराबरको रिचार्ज कार्ड पनि प्रहरीले बरामद गरेको छ ।

पक्राउ परेका दुबै जनालाई जिल्ला अदालतबाट चोरी मुद्दामा म्याद थपि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




अनुरोधकर्ता : रुपनी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# नयाँ संरचना बिस्तारसँगै सरसफाईमा ध्यान पुगोस्

सप्तरी सदरमुकाम राजविराजमा भौतिक पूर्वाधारको काम भइरहँदा फोहर मैलाको उचित प्रबन्ध हुन सकिरहेको छैन् । नगर क्षेत्रमा अहिले सरसफाइको कमी देखिन्छ। विभिन्न नालाहरु फोहरका कारण बन्द रहेको छ। यस बाहेक कतिपय सडकहरुमा सरसफाईको अभाव देखिन्छ। यस्तै सडक किनारमा फोहरको थुप्रो देखिन्छ ।

यसरी भौतिक पूर्वाधारका कामहरु सडक तथा नाला निर्माण र सडक मरमतका कामहरु भइरहँदा फोहर व्यवस्था गर्न नसक्नु नगरपालिकाको उदासिनता देखिन्छ। एकातिर नयाँ भौतिक निर्माणका कार्यहरु हुनु र अर्कोतिर सरसफाईप्रति वेवास्ता गरिनु पक्कै पनि हेलचक्राई गरिएको देखिन्छ ।

तसर्थ नगरलाई दैनिकी सरसफाई गर्नेतर्फ नगरपालिकाले गम्भिरतापूवर्क ध्यान दिनुपर्छ भने त्यसमार्फत रहेका कर्मचारीहरुलाई सरसफाईप्रति उचित निर्देशन समेत दिनुपर्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान सरकारको अपिल

काठमाडौँ, १४ माघ (रासस) ।

भिजिट भिसामा खाडीलगायत मुलुक पुगेर कयौँ नेपाली अलपत्र परेका विषय सार्वजनिक भएसँगै सरकारले श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान अपिल गरेको छ ।

वैदेशिक रोजगारीको प्रलोभन देखाएर पर्यटन तथा अन्य भिसामा खाडी क्षेत्रका विभिन्न मुलुक, दक्षिणपूर्वी एसियाली मुलुक, युरोपेली तथा अमेरिकी मुलुक र अफ्रिकी महादेशका केही देशहरूमा गैरकानूनी रूपमा पुऱ्याई नेपाली नागरिकलाई अलपत्र पारेको, ठगीमा परेको, विभिन्न समस्या तथा अप्ठ्यारामा परेको गुनासो आइरहेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सो अपिल गरेको हो ।

राम्रो रोजगारी र आकर्षक तलब सुविधा पाउने लोभमा कानूनले तोकेको प्रक्रियाभन्दा बाहिरबाट वैदेशिक रोजगारीमा जान नमिल्नेतर्फ ध्यानाकर्षण गराउँदै मन्त्रालयले गन्तव्य मुलुकका बारेमा पूर्ण जानकारी लिई नियमअनुसार श्रम स्वीकृति प्राप्त गरी मात्र वैदेशिक रोजगारीमा जान आग्रह गरेको हो ।

वैदेशिक रोजगारीको प्रलोभन देखाइ विदेशका कयौँ मुलुकमा नेपाली नागरिकलाई अलपत्र पारेको भनी इजाजतपत्र प्राप्त संस्था, शैक्षिक परामर्शदाता संस्था, ट्राभल्स एजेन्सी र विभिन्न बिचौलियाविरुद्ध उजुरीहरू प्राप्त भएको श्रम मन्त्रालयका सहप्रवक्ता थानेश्वर भुसालले जानकारी दिनुभयो ।

"विदेशमा रोजगारीको अवसर प्राप्त भइसकेपछि यस मन्त्रालयअन्तर्गत निकायबाट श्रम स्वीकृति नलिई विभिन्न वहानामा वैदेशिक रोजगारीमा जानु पूर्णतः गैरकानूनी कार्य हो", उहाँले भन्नुभयो । वैदेशिक रोजगारीको सन्दर्भमा नेपाली नागरिकलाई विदेशी भूमिमा अलपत्र पार्ने जो सुकै संस्था वा व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारबाहीको दायरामा ल्याउन र पीडितलाई न्याय दिलाउन प्रतिबद्ध रहेको मन्त्रालयले जनाएको छ ।

सरकारले वैदेशिक रोजगारीमा पुगेर पीडित बनेकालाई न्याय दिलाउन गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा कार्यदलसमेत गठन गरेको छ । श्रम मन्त्रालयलेसमेत वैदेशिक रोजगार विभागका निर्देशकको संयोजकत्वमा तत्काल प्रतिउत्तर कार्यटोली र यस मन्त्रालयका उपसचिवको संयोजकत्वमा मार्सल टोली गठन गरिसकेको छ । वैदेशिक रोजगार ऐन, २०६४ र यसअन्तर्गत बनेका नियमका अधिनमा रही सरकार, इजाजतपत्र प्राप्त संस्थाहरु ( मेनपावर कम्पनी) र व्यक्ति स्वयम् जिम्मेवार भई वैदेशिक रोजगारीमा पठाउन सकिने व्यवस्था छ ।

# विपदको प्रभाव बढ्दो छ, त्यसप्रति सबै गम्भीर हुनुपर्छ : गृहमन्त्री खाँड

काठमाडौँ, १४ माघ (रासस) ।

गृहमन्त्री बालकृष्ण खाँडले विपदको प्रभाव बढ्दो रहेकाले त्यसको न्यूनीकरणका लागि सबै गम्भीर हुनुपर्ने बताउनुभएको छ । गृह मन्त्रालयमा शुक्रबार भएको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा गृहमन्त्री खाँडले विपदजन्य घटना न्यूनीकरण, त्यसबाट हुने क्षति कम गर्न तथा विपदपछिको उद्धार, राहत तथा पुनस्थापनका लागि तल्कालिन र दीर्घकालरूपमा कस्ताकस्ता कार्यक्रम लैजाने भन्ने विषय व्यवस्थापनको खाँचो रहेको औंल्याउनुभयो ।

"कुनै पनि भौतिक पूर्वाधार बनाउँद सुरक्षित छ की छैन, त्यो दीर्घकालिन छ की छैन भनेर हेर्नुपर्ने हुन्छ", गृहमन्त्री खाँडले भन्नुभयो, "त्यसले जोखिम न्यूनीकरण गर्न सहयोग पुग्छ ।" उहाँले छरिएर रहेको बस्तीलाई एकीकृत गर्न गाह्रो रहेको अनुभव पनि सुनाउँदै स्थानीयलाई रैथाने ठाउँ छाड्न पनि गाह्रो, लैजाने पनि गाह्रो रहेको बताउनुभयो । विपदको व्यवस्थापन र सुरक्षाप्रबन्ध गराउनका लागि पनि एकीकृत वस्ती उपयुक्त हुने तर्क मन्त्री खाँडको छ । उहाँले विपद र वस्ती अन्योन्याश्रित सम्बन्ध रहेको पनि बताउनुभयो ।

बैठकमा शहरी विकासमन्त्री रामकुमारी झाँक्रीले विपदका समयमा आवश्यक पर्ने भौतिक संरचना निर्माण गर्नु अपरिहार्य रहेको बताउनुभयो । "विपदपछि अव्यवस्थितरूपमा बसोवास गरेका व्यक्तिलाई जग्गा दिने की आवास दिने, यसतर्फ गम्भिर हुनुपर्छ", मन्त्री झाँक्रीले भन्नुभयो, "जमिन दिँदै जाने हो भने खण्डीकरणले ठुलो समस्या आउनसक्छ, आयोग बनाएर जमिन दिएर गरिने काम सफल हुनसक्दैन ।" उहाँले प्रभावितलाई आवाससहित रोजगारीको सुनिश्चितता गर्नु जरुरी रहेको धारणा राख्नुभयो । उहाँले अहिले भूकम्पपछि बनाइएका एकीकृत वस्ती सफल छ की छैन भनेर अध्ययन जरुरी रहेको उल्लेख गर्दै एकीकृत वस्ती व्यवस्थापनका लागि स्पष्ट कार्यविधि आवश्यक भएको बताउनुभयो ।

विपद र पुनःस्थापनका लागि पहिलो जवाफदेखि पालिकाका प्रतिनिधि हुने भएकाले यस्ता कार्यक्रममा उहाँहरूलाई नै राखेर छलफल चलाउनुपर्नेमा मन्त्री झाँक्रीको जोड थियो । उहाँले राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उठाएका एजेण्डालाई राज्यका सबै निकायले गम्भीर भएर कार्यान्वयन गर्नुपर्ने र योजना आयोगले योजना निर्माण गर्दा विपदलाई पनि ध्यान दिनुपर्ने सुझाव राख्नुभयो ।

संघीय मामला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले विपद पूर्वसूचना प्रणालीलाई प्रभावकारी र अत्याधुनिक बनाउन सुझाव दिनुभयो । उहाँले उद्धार, दाहत तथा पुनःनिर्माणभन्दा त्यो अवस्था आउनै नदिनका लागि पूर्वसूचना प्रणालीका साथै पूर्वतयारीमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

मुख्यसचिव शङ्करदास बैरागीले विपदजन्य घटना मुलुकका लागि ठुलो चुनौतीको विषय रहेको र त्यसको न्यूनीकरणमा राज्यका निकाय, विभिन्न सङ्घसंस्थावा प्रतिनिधि सबैको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले विपदले मानवीयसँगै कृषि उत्पादनमा जोखिम गराउने र यस्ता प्राकृतिक विपदले दीगो विकास लक्ष्य भेट्टाउन कठिन हुने बताउनुभयो । उहाँले नदी किनारमा बस्ने जनसङ्ख्या जोगाउनु पर्ने अवस्था रहेको र सामान आयातका साथै दूरदराजका मानिसको संरक्षण गर्न कठिनाइ हुने भएकाले यी विषयलाई पनि केन्द्रित गरेर कार्यक्रम लैजान सुझाव दिनुभयो ।

बैठकमा भूकम्पको पुनउत्थान तथा संरचना पुनःनिर्माणका लागि बनाइएको तत्कालिन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत शुशील ज्ञवालीले पुनःनिर्माणका लागि थाती रहेका कामलाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो । ~बस्"त्यसका लागि केही कर्याविधि बनाउनुपर्ने छ, तत्कालै पारित गरी बाँकी काम पुरा गर्नुपर्ने छ, त्यसतर्फ ध्यानाकर्षण गराउँदछु", उहाँले भन्नुभयो ।

बैठकमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले विपदजन्य घटना, त्यसको क्षति, उत्पन्न परिस्थिति र प्राधिकरणबाट भएका गरेका क्रियाकलापबारे जानकारी गराउनुभएको थियो । गृहमन्त्रीको अध्यक्षतामा भएको उक्त बैठक भौतिक उपस्थितिका साथै भर्चुअल रुपमाएकैसाथ गरिएकोथियो । बैठकमा सरोकारवाला मन्त्रालयका सचिव, तथा विभिन्न सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधिसमेतको सहभागिता थियो ।

## राहदानी हराएको सूचना

सप्तरीको कल्याणपुरबाट राजविराजतर्फ आउँदै गरेको अवस्थामा २०७८ साल मंसिर २७ गते मेरो निम्न ब्यहोराको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला

**नाम : श्याम कुमार राम**
**ठेगाना : बनरझुला ३, सप्तरी**
**राहदानी नं. : ०६४७६७७५**

कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय सप्तरी

# समयमा नसकिने भयो हुलाकी राजमार्ग

काठमाडौँ, १४ माघ (रासस)।

राष्ट्रिय गौरवको हुलाकी राजमार्गको निर्माण लक्ष्य लिइएको समय (आब २०७९/८०) सम्ममा सम्पन्न नहुने देखिएको छ।

निर्धारित समय सकिन डेढ वर्षभन्दा कम बाँकी हुँदा अझै कतिपय खण्डमा रेखाङ्कन नै टुङ्गो लाग्न सकेको छैन भने झन्डै ७० ओटा पुलको डिजाइन हुन पनि बाँकी नै छ। वन क्षेत्रबाट रेखाङ्कन हुने गरी डिजाइन भए पनि त्यस क्षेत्रमा जग्गा प्राप्त गर्ने अवस्था नभएको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ। झन्डै १२५ किमी निकुञ्ज क्षेत्रमा पर्ने र निर्माणका लागि पटकपटक प्रयास गरे पनि अनुमति नपाइएको निर्देशनालयका प्रमुख धर्मेन्द्र झाले बताउनुभयो।

चितवन राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँग पटकपटक छलफल भए पनि निर्माणस्थल नपाउने देखिएको छ। उहाँले भन्नुभयो, "त्यसको विकल्पका बारेमा निर्णय माथिबाट नै हुनुपर्छ।" विगतका वर्षहरूमा कोभिडका कारणले पनि निर्माणमा ढिलाइ भएको निर्देशनालयले जनाएको छ।

आयोजनाको समय सकिएपछि झन्डै दुई वर्ष थप आवश्यक पर्नसक्ने उहाँले बताउनुभयो। बन क्षेत्रका कारणले सडक निर्माण गर्न नसकिएको खण्डमा विगतमा प्रयोगमा रहेका अरू सडकलाई विकल्पका रूपमा प्रयोग गर्ने गरी पनि विगतमा छलफल भएको थियो।

चितवन राष्ट्रिय निकुञ्ज हुँदै सडकको रेखाङ्कन भएकाले आयोजनाले वातावरणीय अध्ययन सकेर पटकपटक अनुमति मागे पनि पाएको थिएन। चितवन जिल्लामा २३ किमी र नवलपरासी जिल्लामा ६५ गरी झन्डै ८८ किमी निकुञ्जभित्र पर्छ। विश्व सम्पदा क्षेत्रमा त्यसको मापदण्डका आधारमा मात्रै पूर्वाधार निर्माण गर्न पाउने व्यवस्था छ। त्यसका लागि संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को सहमति चाहिन्छ।

आयोजनाअन्तर्गत झन्डै साढे दुई सय पुल निर्माण गर्नुपर्नेमा झन्डै ७० पुलको डिजाइन बाँकी छ। अहिलेसम्म झन्डै एक सय पुल मात्रै सम्पन्न भएको छ। ती ७० पुलमध्ये अहिले धेरै डिजाइन स्वीकृत हुने क्रममा रहेको प्रमुख झाले बताउनुभयो। उहाँले भन्नुभयो, "नारायणी, बाग्मतीलगायत ठूला र कतिपय साना खोलामा डिजाइनमा जान बाँकी छ।"

रेखाङ्कनमा समस्या भएको बाहेकको खण्डमा सडक सम्पन्न भए पनि पुल अबको डेढ वर्षमा सम्पन्न गर्न नसकिने आयोजनाले जनाएको छ। नेपालमा पुल निर्माणका लागि कम्तीमा दुईदेखि साढे दुई वर्षसम्म लाग्ने गरेको छ। सडकतर्फ, अहिलेसम्म झन्डै आठ सय किमीमा कालोपत्र सकियो भने झन्डै एक हजार किमीमा कालोपत्र बाँकी छ। उहाँले भन्नुभयो, "सडक निर्माणका लागि अधिकांश ठाउँमा ठेक्का भयो, केही खण्डमा मात्र बाँकी छ।"

चालु आवमा अहिलेसम्म वित्तीय प्रगति झन्डै ४० प्रतिशत र भौतिक प्रगति ६० प्रतिशत भएको छ। बीस प्रतिशत काम सकिएको बिल पेस गर्न बाँकी छ। चालु आवमा डेढ सय किमी सडक र १५ पुल सम्पन्न गर्ने लक्ष्य लिइएको थियो। अहिलेसम्म ६० किमी सडक र नौ पुल सम्पन्न भइसकेको छ।

कोभिडका कारण विगतका वर्षहरूमा निर्माणमा बाधा पुगेको भए पनि अहिले सङ्क्रमणले निर्माणमा समस्या छैन। चालु आवमा माग भएभन्दा कम बजेट छुटचाइएको छ। उहाँले भन्नुभयो, "त्यसैले गर्दा पनि लक्ष्यभन्दा बढी काम हुनसक्छ। यो आवमा आयोजनामा रु छ अर्ब २० करोड छुटचाइएको तथा पुस सम्ममा सवा दुई अर्ब खर्च भइसकेको छ। जम्मा रु ६५ अर्ब बजेट रहेकामा अहिलेसम्म ५१ अर्ब खर्च भइसकेको छ।"

विगतका वर्षहरूमा आयोजनाका पुलमा धेरै समस्या भए पनि अहिले समाधान भइरहेको प्रमुख झाले बताउनुभयो। कमला नदीमा सिरहा र धनुषा जोड्ने पुल सम्पन्न नहुँदै भाँचिएको थियो भने बाग्मती पुल पनि मुद्दामा थियो। अहिले त्यसमा नयाँ ठेक्काबाट काम भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "बाँकी रहेका पुराना ठेक्कामा पनि काम भइरहेको छ।"


राष्ट्रिय गौरवको हुलाकी राजमार्ग पहिले हुलाकी पुल आयोजनाका रूपमा थियो। पहिले भारत सरकारले सबै सडक अनुदानमा निर्माण गर्ने र पुल सरकारले बनाउने सम्झौता भएको थियो। विसं २०६५/६६ मा भएको समझदारीमा भारतीय प्राविधिक र निर्माण व्यवसायी उताबाट आएर बनाउने भन्ने योजना बनेको थियो। विभिन्न कारणले त्यो स्वरूपमा काम हुन सकेन। भारतीय पक्ष बीचैमा छाडेर फर्किएपछि आव २०७३/७४ मा हुलाकी राजमार्ग आयोजना निर्देशनालय बनेको थियो।

आयोजनाअन्तर्गत नै ८८१ किमी लम्बाइको 'फिडर सडक' को निर्माण भइरहेको छ। यसमध्ये २४५ किमी भारत सरकारले र बाँकी नेपाल सरकारले निर्माण गर्ने समझदारी थियो। भारत सरकारले निर्माण सम्पन्न गरेर हस्तान्तरण गरिसकेको छ भने बाँकीमा सरकारले निर्माण गरिरहेको छ।

राष्ट्रिय योजना आयोगले हुलाकी राजमार्ग आयोजना आव २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको छ। हुलाकी राजमार्गको पूर्व-पश्चिम सडक निर्माणाधीन छ भने कतिपय उत्तर-दक्षिण सडक निर्माणका क्रममा रहेका छन्। हुलाकी राजमार्गलाई तराई-मधेसको समृद्धिसँग जोडेर सुरु गरिएको हो। मधेसमा देशभरको झण्डै आधा जनसङ्ख्या बसोबास गर्ने भएकाले आयोजना सम्पन्न भएपछि त्यहाँका नागरिकको पहुँच बढ्ने अपेक्षा गरिएको छ। त्यस क्षेत्रको व्यापार, कृषिलगायतका क्षेत्रमा राजमार्गले नयाँ सम्भावना खुल्नेछ।

पूर्व-पश्चिम राजमार्गबाट सुरु भएर हुलाकी राजमार्गलाई पार गरी भारतीय सीमासम्म पुग्ने गरी 'फिडर रोड' निर्माण गरिएको छ। राजमार्गले पूवदेखि पश्चिमसम्म पूरै तराईलाई समेटेको छ। राजमार्ग पूर्ण रूपमा सञ्चालनमा आएपछि तराई-मधेश पूर्ण रूपमा सुगम हुने अपेक्षा गरिएको छ। हुलाकी राजमार्गअन्तर्गत निर्माण भइरहेको 'फिडर सडक' बाहेक अरु निकायबाट पनि उत्तर दक्षिण जोड्ने गरी सडक निर्माण गरिएको छ। सबै निर्माण सकिएपछि तराईका धेरै ठाउँसम्म सडकको सञ्जाल विस्तार हुनेछ।

हुलाकी राजमार्ग र 'फिडर सडक' दुबै दुईदुई लेनमा निर्माण अघि बढाइएको छ। सात मिटर कालोपत्र र दुईदेखि साढे दुई मिटर पैदलयात्रु मार्गसमेत गरी ११ देखि १२ मिटर चौडाइमा सडक निर्माण भइरहेको छ। जग्गा उपलब्ध हुँदा १२ मिटर र नहुँदा कम्तीमा ११ मिटर निर्माण गरिएको हो।




## विश्व समाचार

### कंगोमा विद्रोहीसँगको भिडन्तमा ३३ सैनिक मारिए

किन्सासा, १४ माघ (रासस/सिन्ह्वा)।

कंगोमा विद्रोही समूहसँग भएको भिडन्तमा परी कम्तीमा पनि ३३ जना सैनिक मारिएका छन्। यहाँका मार्च २३ नामक एक अभियानका विद्रोही र कंगोको राष्ट्रिय सेनाका बीचमा उत्तरपूर्वी क्षेत्रमा भिडन्त भएको थियो। त्यस भिडन्तमा परेर गएको मंगलबारदेखि बिहीबारसम्म ती सैनिक मारिएका कंगोको सेनाको स्रोतले जानकारी दिएको छ। यहाँका उत्तरपूर्वी किभु प्रान्तको रितसारु क्षेत्रमा यस्तो भिडन्त भएको थियो। सो भिडन्तका क्रममा उक्त विद्रोही समूहकाबीच पनि केही हताहत भएको अनुमान गरिएको छ। यता सेनातर्फ भने एकजना बटालियन कमाण्डर कर्णेलको पनि ज्यान गएको बताइएको छ। त्यसक्रममा यहाँको सेना र केही विद्रोहीहरु घाइते भएका छन्। कंगोली सैनिकले केही दिनयतादेखि यहाँ भिडन्त भएको बताएका छन्।

### भारतमा थप एक लाख ५१ हजारभन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, १४ माघ (रासस/एएनआई)।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप एक लाख ५१ हजार २०९ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले शुक्रबार जानकारी दिएको छ। हाल भारतमा कोरोना पोजेटिभ दर १५.८८ रहेको जनाइएको छ। यसैसँगै भारतमा कोरोना सुरु भएदेखि हालसम्म चार करोड ६ लाख २२ हजार भन्दा बढी सङ्क्रमित भएका छन्।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या २१ लाख ५ हजार ६११ रहेका छन्। गएको २४ घण्टामा भारतमा तीन लाख ४७ हजार ४४३ कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ८० लाख २४ हजार ७७१ जनालाई कोरोना सङ्क्रमण निको भईसकेको छ। गत २४ घण्टामा भारतमा कोरोनाको कारण ६२७ जनाको मृत्यु भएको यसैसंगै कोरोना शुरु भएबाट हालसम्म मृत्यु हुनेको संख्या चार लाख ९२ हजार ३२७ पुगेको छ।

कोरोना सुरु भएदेखि हालसम्म ७२ करोड ३७ हजारभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ६४ करोड ४४ लाख ७३ हजारभन्दा बढी डोज खोप लगाइएको जनाइएको छ।

### संयुक्त राष्ट्रसंघको अफगानिस्तानमा मानवअधिकार उल्लङ्घनप्रति चिन्ता

काबुल, अफगानिस्तान, १४ माघ, (रासस-एएनआई)।

अफगानिस्तानमा संयुक्त राष्ट्र सहायता नियोग (ग्लद्बͦले देशमा मानवअधिकार उल्लङ्घनका घटनाहरूप्रति गहिरो चिन्ता व्यक्त गरेको छ। अफगानिस्तानको आन्तरिक मामिला मन्त्रालयमा तालिवान अधिकारीहरूसँगको भेटमा युनामा मानवअधिकारले अफगानिस्तानमा यस्ता घटनाहरूको अनुसन्धान, पारदर्शिता र जवाफदेहिताको आवश्यकता रहेको बताएको छ। "UNAMA मानव अधिकारले शुक्रबार @moiafghanistan मा तालिवान अधिकारीहरूसँग भेट गर्यौं" ट्वीटमा लेखिएको छ।

मानवअधिकार उल्लङ्घनका कथित मुद्दाहरू र पूर्व ब्ल्कँ/सरकारी सदस्यहरू, नागरिक समाज, मिडिया, न्यायपालिका, धार्मिक धर्मगुरुहरू र महिला कार्यकर्ताहरूका सरोकारहरूबारे छलफल गरियो। छानबिन, पारदर्शिता चाहिन्छ, ट्वीटमा जनाइएको छ।

अफगानिस्तानमा २०२१ को शुरुदेखि जुलाई २०२१ सम्म कम्तिमा ३० पत्रकार र सञ्चारकर्मीको हत्या, हातपात र घाइते भएका छन्। र तीमध्ये धेरैलाई सरकारी अधिकारीहरूले धम्की दिएको अफगानिस्तानको गैर नाफा नाइको प्रतिवेदनमा उल्लेख गरिएको छ। त्यसैगरी गत नोभेम्बरमा अफगानिस्तानको उत्तरी बाल्ख प्रान्तको मजार-ए-शरीफ शहरमा चार महिला कार्यकर्ताको हत्या भएको थियो। तालिबानको सत्ता कब्जापछि महिलाविरुद्ध विभिन्न हिंसाका घटनाहरू बढेका छन्। विश्वभरिबाट बारम्बार आह्वान गरिए पनि तालिबानले महिला सुरक्षा र समावेशी सरकारको आश्वासनमा आफ्ना वाचाहरू पूरा गर्न असफल भएको छ।

### टोकियोमा ११ घण्टा लामो संघर्षपछि बन्धकको मृत्यु

टोकियो, जापान, १४ माघ (रासस-एएनआई)।

जापानी प्रहरीले शुक्रबार बिहान टोकियो नजिकैको झडपमा एक व्यक्तिलाई पक्राउ गरेपछि एक बन्धकको मृत्यु भएको छ भने अर्को एकजना बेहोस अवस्थामा छन्। एक ६६ वर्षीय व्यक्तिले बिहीबार राति टोकियो नजिकैको आफ्नो घरमा भेट्न गएका तीन जना स्वास्थ्यकर्मीहरूलाई आक्रमण गर्दै तीमध्ये एकलाई गोली हानेका थिए।प्रहरीका अनुसार ती बन्धक मृतक ४४ वर्षीय डाक्टर जुनिची सुजुकी रहेको क्योडो न्यूजले जनाएको छ। गोली प्रहारबाट ४१ वर्षीय फिजियोथेरापिस्ट भने बेहोस अवस्तामा रहेका छन्। घटनाको पूर्ण र वास्तविक विवरण आउँन बाँकी रहेको जनाइएको छ।

# पूर्व अन्तर्राष्ट्रिय क्रिकेटर दिपेन्द्र चौधरी क्यानको सेलेक्टर नियुक्त

**चन्दनकुमार यादब**
**राजबिराज, १४ माघ ।**

सप्तरीका पुर्व अन्तराष्ट्रिय खेलाडी दिपेन्द्र चौधरीलाई नेपाल क्रिकेट संघले खेलाडी छनोट समितिको संयोजकमा नियुक्त गरेको छ ।

बिहिवार भैरहवामा सम्पन्न नेपाल क्रिकेट संघ बोर्ड बैठकबाट चौधरीलाई खेलाडी छनोट समितिको संयोजकमा नियुक्त गरेको हो ।


यसैगरी बैठकले सप्तरी क्रिकेट मैदानका लागि एक जना पुर्व राष्ट्रिय खेलाडी धर्मेन्द्र चौधरीलाई मैदान कर्मचारीमा नियुक्त गर्ने निर्णय गरेको क्यानका कोषाध्यक्ष रोशन कुमार सिहले जानकारी दिएका छन् ।

त्यस्तै सप्तरीसहित पोखरा, भैरहवा र धनगढी क्रिकेट मैदानमा दुई/दुई जना तथा जनकपुरमा एक जना मैदान कर्मचारी नियुक्त गरेको छ ।

बैठकले संघको वार्षिक साधारणसभा फागुन १३ र १४ गते धनगढीमा गर्ने निर्णय समेत गरेको छ । अध्यक्ष चतुरबहादुर चन्दको संयोजकत्वमा पाँच सदस्यीय कार्यसम्पादन समिति पनि गठन गरेको छ । समितिमा कार्यबाहक सचिव प्रशान्त विक्रम मल्ल, कोषाध्यक्ष रोशन कुमार सिंह, सदस्य दुर्गाराज पाठक र सदस्य पदम बहादुर खड्का रहेका छन् ।

साथै आर्थिक समितिको संयोजकमा रोशन कुमार सिंह, प्राविधिक समितिको संयोजकमा बिरेन्द्र बहादुर चन्द, प्रतियोगिता समितिको संयोजकमा माधव कर्माचार्य तथा क्रिकेट समितिको संयोजकमा कैलाश बिस्टलाई मनोनयन गर्ने निर्णय गरेको छ ।

बैठकले कप्तान सन्दिप लामिछानेसहित पाँच खेलाडीलाई ग्रेड 'ए' मा समाबेश गर्दै नेपाल क्रिकेट संघले २०२२ को केन्द्रिय सम्झौता सार्वजनिक गरेको छ ।




बैठकले अनुशासनको कारवाही गर्दै चार जना खेलाडीलाई ज्ञानेन्द्र, दिपेन्द्र, कमल र सोमपाललाई ६ महिना केन्द्रिय सम्झौतामा नराख्ने निर्णय औपचारिकरुपमा फिर्ता लिएको छ ।

ग्रेडिंग लगायत विषयमा चित्त नबुझेपछि खेलाडीहरुले राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा सहभागी हुन अस्विकार गरेका थिए जसपछि क्यानले कारवाही फिर्ता लिने सम्झौता गरेको थियो ।

कप्तानको रुपमा ज्ञानेन्द्र मल्ललाई हटाउने र सन्दिप लामिछानेलाई नियुक्त गर्ने बाहेक अन्य कारवाही क्यानले फिर्ता लिएको छ ।

क्यानले तिब्र गति बलिंग अलराउण्डर सोमपाल कामि, ज्ञानेन्द्र मल्ल, दिपेन्द्र ऐरी र करन केसी पनि 'ए' ग्रेडमा छन् । शरद भेषवाकर, कुशल भुर्तेल, आसिफ शेख र अविनाश बोहरा ग्रेड 'बि' मा छन् । यस्तै कुशल मल्ल, रोहित पौडेल, कमल सिंह ऐरी, शाहब आलम, पवन सर्राफ र सुशन भारि ग्रेड 'सी मा छन् । ग्रेड 'ए', 'बि' र 'सी' मा भएका पुरुष क्रिकेटरको मासिक क्रमश: ५० हजार, ४० हजार र ३० हजार रुपैयाँ रहेको छ ।

# कांग्रेसमा ३७ सदस्यीय केन्द्रीय कार्यसम्पादन समिति गठन

काठमाडौं, १४ माघ (रासस) ।

नेपाली कांग्रेसले ३७ सदस्यीय केन्द्रीय कार्यसम्पादन समिति गठन गरेको छ । पार्टीको शुक्रबार भर्चुअल माध्यमबाट सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले सो निर्णय गरेको पार्टी कार्यालयले जनाएको छ ।

कार्यसम्पादन समितिमा प्रधानमन्त्री एवं सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्रीहरू फरमुल्लाह मन्सुर, भीष्मराज आङदेम्बे, उमाकान्त चौधरी, महेन्द्र यादव, महालक्ष्मी उपाध्याय डिना, किशोरसिंह राठौंर, बद्रीप्रसाद पाण्डे र जीवन परियार सदस्य रहनुभएको छ ।

यसैगरी समितिमा नेताहरू गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, डा शशांक कोइराला, चित्रलेखा यादव, डा रामशरण महत, अर्जुननरसिंह केसी, डा प्रकाशशरण महत, सुनिलबहादुर थापा, डा शेखर कोइराला, बलबहादुर केसी, बालकृष्ण खाण, ज्ञानेन्द्रबहादुर कार्की, उमा रेग्मी, रमेश रिजाल, डा नारायण खड्का, जीपछिरिङ लामा, सुजाता कोइराला, एनपी साउद, जीवनबहादुर शाही र आनन्दप्रसाद ढुङ्गाना रहनुभएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

सभापति देउवाको अध्यक्षतामा सम्पन्न बैठकमा उहाँका साथ उपसभापतिद्वय खड्का र गुरुङ तथा महामन्त्रिद्वय थापा र शर्मा केन्द्रीय कार्यालयमा सहभागी हुनुहुन्थ्यो । सभापति देउवाको निर्देशनबमोजिम महामन्त्री थापाले बैठकमा प्रस्तुत गर्नुभएको समिति गठनसम्बन्धी प्रस्ताव पारित गरिएको थियो ।

कांग्रेस विधानको दफा २३ अनुसार केन्द्रीय कार्यसम्पादन समितिमा केन्द्रीय कार्यसमितिका सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सहमहामन्त्री पदेन सदस्य हुने व्यवस्था छ । त्यस्तै सभापतिले कार्यसमितिका सदस्यमध्येबाट समावेशी सिद्धान्तसमेतलाई ध्यानमा राखी केन्द्रीय कार्यसम्पादन समितिका लागि ३१ सदस्य कार्यसमितिको बैठकमा प्रस्ताव गर्ने विधानमा व्यवस्था भएको तर शुक्रबारको बैठकमा सभापति देउवाले २४ को नाम मात्रै प्रस्तुत गर्नुभएको थियो ।

संसदीय दलको नेता र केन्द्रीय प्रवक्ता कार्यसम्पादन समितिको पदेन सदस्य हुन्छन । कांग्रेसमा हाल सभापति, उपसभापति, महामन्त्री र सहमहामन्त्री गरी १३ पदाधिकारी छन् भने कोषाध्यक्ष र प्रवक्ता मनोनित हुन बाँकी छ । कांग्रेस संसदीय दलको नेता हाल सभापति देउवा नै भएकाले केन्द्रीय कार्यसम्पादन समिति ४६ सदस्यीय बन्नेछ ।

पार्टीको १४औँ महाधिवेशनमा १३४ पदाधिकारी र सदस्यको निर्वाचन भएको थियो भने ३३ सदस्य केन्द्रीय सभापतिले मनोनित गर्ने विधानमा व्यवस्था छ । त्यसमध्ये सभापति देउवाले विधानबमोजिम १३ सदस्य मनोनित गरिसक्नुभएको छ ।

# जसपाद्वारा कारवाहीको माग

**दैनिक समाचारदाता**
**जनकपुर, १४ माघ ।**

जनता समाजवादी पार्टी (जसपा) ले शान्तिपूर्ण आन्दोलनको नाममा अराजक गतिविधि गरेको भन्दै जनमत पार्टीका नेता कार्यकर्तामाथि कारबाही गर्न माग गरेको छ ।

जसपा मधेस प्रदेशका अध्यक्ष रामबाबु यादवद्वारा शुक्रबार जारि विज्ञप्तिमा राष्ट्रियसभा निर्वाचन भइरहँदा किसान आन्दोलनको आडमा प्रदेशसभा सदस्य एवं स्थानीय तहका प्रमुख उपप्रमुखमाथि गरेको सांघातिक आक्रमणको निन्दा गरिएको छ ।

जसपाले आक्रमणमा संलग्नमाथि कारबाहीको माग गरेको छ ।जनमतका कार्यकर्ताले गरेको क्षतिको विवरण एकिन गरि पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउनसमेत जसपाले माग गरेको छ ।

## छ हजारभन्दा ...

छन् । २०० भन्दा बढी संक्रमित भएका १८ जिल्ला रहेका छन् ।

ती जिल्लामा पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, सिन्धुपाञ्चोक, सिन्धुली, दोलखा, गोरखा, स्याङ्जा, बागलुङ, पाल्पा, गुल्मी, बर्दिया, नवलपरासी पश्चिम, सुर्खेत र कञ्चनपुर रहेका छन् । हाल होम आइसोलेशनमा ८८ हजार ०८४, संस्थागत आइसोलेशनमा एक हजार ८५७, आइसियुमा २५६ र भेन्टिलेटरमा ४५ को उपचार हुँदैछ ।

विगत २४ घण्टामा शुक्रबार एक लाख २८ हजार ५६३ जनाले खोप लगाएका छन् । यस्तै अहिलेसम्म कोरोना भाइरस विरुद्धको बुस्टर डोज दुई लाख ९९ हजार नौ मात्रा लगाइएको छन् ।

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- इ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

इ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपाल रेल्वे कम्पनीमा तालाबन्दी

**दैनिक समाचारदाता**
**जनकपुर, १४ माघ ।**

नेपाल रेल्वे कम्पनीको कार्यालयमा पुराना कर्मचारीहरुले कर्मचारी भर्नामा अनियमितता गरेको भन्दै शुक्रबार तालाबन्दी गरेका छन् ।

रेल्वे कर्मचारी संघर्ष समितिले जनकपुरधामस्थित रेल्वे स्टेशनमा रहेको कार्यालयमा तालाबन्दी गरेका हुन् ।

आन्दोलनमा रहेका पुराना कर्मचारीले दोस्रो चरणको आन्दोलन सुरु गरेका छन् । संघर्ष समितिमा आवद्ध दिलिप साहले बिगत १५ दिनदेखि धर्ना, प्रदर्शन गर्दै आए पनि सुनुवाइ नभएपछि तालाबन्दी गर्न बाध्य भएको बताए ।

जिल्ला प्रशासन कार्यालय धनुषामा ज्ञापनपत्र बुझाउन जाँदा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झालाई कोरोना संक्रमण भएको भन्दै समस्या समाधान गर्न आलटाल गरिरहेको साहको गुनासो छ ।

झाले रेल संचालनका लागि ५५ जना नयाँ कर्मचारीलाई दैनिक ज्यालादारीमा नियुक्त गरेर तालिम दिन थालेपछि तालिम लिएका कर्मचारीहरु चरणवद्ध रुपमा आन्दोलनमा उत्रेका हुन् ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*